# “ जिल्लाको नमुनाको रुपम बन्यो  बरगाउ उपस्वास्थ चौकी ”



पहिलेको अवस्था



अहिलेको अवस्था

**उपस्वास्थ चौकीको ईन्जार्चको भनाई,**
“गरे नहुने केहि पनि रहेनछ भवगवानले तँ आट म पुरयाउछु भन्ने नेपाली उखाने सत्य साबिति भएको छ । बिगत बर्षदेखि लगानीको अभाबमा अल्जि रहेको यो उपस्वास्थ चौकी हाल आएर युनिसेफ नेपाल/छाया नेपालको आर्थिक सहयोगमा स्नोल्याण्ड एकिकृत विकास केन्द्रको सहजिकरणमा यस उपस्वास्थ चौकीलाई उपकरण देखि खानेपानी र सरसफाई सम्बन्धि कुनै पनि कसर नराखेर सानो लगानीमा पनि जिल्लाको नमुना उपस्वास्थ चौकीको रुपमा स्थापना गर्ना सकिदो रहेछ”

यो उपस्वास्थ चौकी सिमकोट गाउँपालिका अन्र्त्रगत वडा नं.३ बरगाउँमा अवस्थित छ यसको स्थापना २०५७ सालमा भएको थियो भने यो अर्काको १ कोठा घरभाडामा लिएर संचालन गर्दै आईरहेकोमा नेपाल ट्स भन्ने गैर सरकारीले संस्थाले यहाँको समस्यालाइृ मध्ये नजर गदै कोठे भवन लगाई दिएको थियो यस भवन बनि सकेपछि संचालन गर्नामा अलि सहत वाताबरण सृजना भएको यहाँका बयबृद्ध छिरिङ्ग लामा बताउदछन् शौचालय सहित भवन त निर्माण भयो तर यसमा पानिको र अन्य उपकरणको भने अहिलसम्म समस्याले सताई रहेको बेला **SIDC** ले **GNI Nepal** कार्यक्रमबाट उपकरण,फर्निचरबेलिबेरी वड सहयोग गरेको थियो थियो भने अन्य शौचालय,खानेपानी र अन्य विविध प्रकारका समस्याले भने उपस्वास्थ चौकी ओजेलमा परिरहेयो ढुङ्गा खोज्दा देवता मिले भने झै  यस वडामा UNICEF/CHY-Ya Nepal को आर्थिक सहयोगमा बिद्यलाय तथा स्वास्थ संस्थाको पुर्ण सरसफाई कार्यक्रम संचालन भयो भने स्नोल्याण्डको सहकार्यमा वडा कार्यालयको समन्वयमा बिद्युत जडान देखि लिएर बिभिन्न उपकरण शौचालय र बाधरुम मर्मत तथा बाधरुपमा यहाँकी महिलाहरुको पिडालाई मध्ये नजर राखि नुहानका लागि ईलोक्टनिक जिगर जडान गरि पानि जम्माको लागि ५००लिटर हिल टयांक र धारा निर्माणका साथै पानि शुद्धिकरणका लागि २ वटा फिल्टर वितरण गरेको छ , यसले गर्दा उपस्वास्थ चौकीमा खानेपानी सरसफाई तथा स्वच्छताको पहुँच अभिबृद्धि भएको छ । वडा कार्यालयको सहकार्यमा फोहोर जलाउने ककपिट निर्माण गरेको छ भने जम्मा गर्नाका लागि ३ वटा डस्बिन राखिएको छ भने पानि निकाशको लागि ढलको व्यवस्था पनि गरिएको

१.**नाम** : बरगाउ उपस्वास्थ चौकी

२.**ठेगाना** : सिमकोट गाँउपालिका ३बरगाउ,हुम्ला

३.**संगठन** : सामुदायीक स्वास्थ संस्था

४.**पृष्ठभूमि (स्वास्थ संस्था तथा भुगोल)** : भौगोलिक दृष्टिकोणवाट अति नै दुर्गम पिछडिएको हुम्ला जिल्लाको सिमकोट ३ बरगाउमा अवस्थित यो स्वास्थ संस्था २०५७ सालमा स्थापना भैई अर्काको घरमा भाडामा संचालन गर्दै आइरहेको थियो भने २०६५ सालमा नेपाल ढ्स नामक गैर सरकारी संस्थाले दुई कोठे भवनमा लगाई दिए पछि त्यसै भवनमा संचालन गर्दै आई रहेका छ उक्त भवनमा ननियमित पानि आउछ नआवश्यकता अनुसार शैचालय निर्माण गरिएको भने कुनै उपकरण छैनन सुत्केरी गराउदा साधारण खटियामा राखेर सुत्केरी गराउने गरेकाले र बिरामी चेक जाँच गर्ने कुनै उपकरणहरु पनि छैन २०७५सालमा **SIDC** ले **GNI Nepal** को आर्थिक सहयोगमा डेलिभरी बेड देखि आवश्यक उपकरणहरु ह्स्तानतरण गरेको तर शौचालय र अन्य सरसफाई सम्बन्धि कुनै सुबिधा नभएको अवस्था देखिन्छ ।

५.**विगतका अवश्था तथा दृश्य** : विगतमा यस स्वास्थ संस्था जस्तो संम्बधनशिल स्थानमा कुनै पनि सुबिधा नभएकाले मानिसहरु बाध्य भएर सिमकोट अस्पतालमा आएर चेकजाँच गर्ने गरेकाछनर भने यसको मारमा त्यहाँका गरिब र दलित परिवार रहेका छन बिरामी चेकजाँच गर्ने देखि लिएर औषधीहरु राख्ने पनि उचित व्यवस्था नभएको र पानि जम्मा गर्ने र नुहाउने बाधरुप नभएको र शौचालयको पनि उचित व्यवस्थापन नहुदा

भौतिक संरचना र उपकरण उपलब्ध भैई जिल्लाको नमुनाको रुपमा यो बरगाउ उपस्वास्थ चौकी स्थापना भएको छ ।
बाचकली सुनार भन्छन् हामी गरिबको लागिा यो कार्यक्रम भगवान प्रस्तुत भयो हामी साधारण ठाउँको दुखे पनि सिमकोट धाउनु बाध्य हुन्थो भने सुत्केरी हुन नसकेर कयौ दिदि बहिनीको ज्यान समेत गएको थियो हाल आएमा आफनो घर नजिक सुत्केरी हुना पाउदा खुसी छौ भन्नछन् भने यी विविध सुबिधाहरु उपलब्ध भएपछि दैनिक बिरामीहरु चेकजाँच गर्ना संस्थाको बृद्धि भएको यसमा कार्यरत अनिमी बताउछन् ।

यो उपस्वास्थ चौकी २९०००फिट भन्दा बढी उचाईमा रहेको सधैं जाडो र पानि चिसो भएको कारणले गर्दा नुहाउने त कुरै छोडयौं हातमुख धुन पनि धौ धौ अवस्था रहेकोमा ईलोक्ट्रोईक गिजर जडान गर्दा र बत्तिको व्यवस्था गर्दा सुत्केरी महिला र बिरामीहरुलाई नुहान सजिलो भएको र ५,६ बर्ष पानी बोकेर काम चलाउदै आएका कार्यलय सहयोगी नाम्गेल लामा बताउदछन् भने अहेब राती बिरामी आउदा टर्च लाईट बालेर उपचार गर्नु पर्ने बाध्यता हटेको र अहिले स्वास्थ संस्थाको वरिपरि सरसफाई हुनाका साथै **SIDC/GNI Nepal** बाट बिभिन्न उपकरण र फर्निचर सहयोले गर्दा सहजताआएको बताउदछन् । शैचालाय जाँन पनि पनि नाकमुख बन्द गरेर जानुपर्ने अवस्था रहेकोमा हाल आएर सुत्केरी महिलालाई शौचालय जाँदा सजिलोको लागि सेरामिक्सको कम्बोड जडान गर्दा धेरै सहज हुनाका साथै शौचालय र बाधरुपमा टाएल राख्दा फोहोर सजिलै पकाल्न सकिने र फोहोर नदेखिने भएकोले अहिले शौचालय र बाधरुप सफा रहेको छ भने यसले गर्दा मानिसहरु स्वास्थ संस्था प्रति आर्कषण बढ्दै आईरहेकोछ ।

स्वास्थ संस्थाको भित्री र बाहय वातावरण सरसफाईको लागि ३ वटा छुट्टा छुट्टै डस्बिन र जम्मा भएको फोहोरलाई जलाउनका लागि सिमेन्टेको खाडल निर्माण गर्दा फोहोर व्यवस्थापन गर्ना सजिलो भैई वातावरण सफा सुग्गर रहनुका साथै फोहोर पानि निकासको लागि २५ मिटर ढल निकाशको पनि व्यवस्था गरि बाटो हिलो हुने समस्या समाधान भएको छ । भने पानि शुद्धिकरण गर्नाका लागि २ वटा फिल्टरहरु जडान गरिएको छ भने त्यस गर्दा सफा पानि पिउनमा सहज भएको छ । बिभिन्न सरुवा रोगहरुमा कमी आएको छ समुदाय र स्वास्थ संस्थामा बिभिन्न किसिमका जनचेताना र क्षमता बिकास सम्बन्धि कृयाकलापहरु संचालन गर्दा हाल आएर आफ्नो व्यक्तिगत र समुदायको सरसफाईमा बृद्धि भैई बिभिन्न सरुवा रोगहरुमा कमी आई समुदायको मानिसहरुको आर्थिक भारमा कमी आएको महिला सदस्य पेमाहुसाल लामा बताउनु हुन्छ । हाल आएर जिल्लाकै नमुना उपस्वास्थ चौकीको रुपमा यो स्वास्थ चौकीलाई लिन सकिन्छ र समुदायका बाध्यकारी समस्याहरु समाधान भएको छ स्वास्थ संस्थाको रेर्कडले जनाउदछ ।

मानिसहरु अर्काको घरमा गएर शौचालय गर्न बाध्य रहेको अवस्था र स्वास्थ संस्थाबाट निस्केका बिभिन्न प्रकारका फोहोरहरु पनि जतातत्तै फालिएका र ढलको व्यवस्था नहुदा धाराबाट आएको पानिले हिड्नेबाटोमा हिलै हिलो रहेको अवस्था बिजुली बत्तीको पनि व्यवस्था नभएको अव्यवस्थित स्वास्थ संस्थाको रुपमा चिनिदै आईरहेको त्यहाँको अवस्थाले जनाई रहेको छ ।

**६.वर्तमान अवस्था:** यो कार्यक्रम शुरु भए पछि यस स्वास्थ्य संस्थामा खानेपानिको धारा ढल निकाशको व्यवस्था ५०० लिटरको पानि जम्मा गर्ने हिलटयाङक र बिभिन्न स्थानमा हातधुने सेरामिक्शको स्टेशन,नमुना शौचालय,बाधरुममा टाएल सहितको व्यवस्था र बाधरुपमा ईलोक्टनीक गिरज जडान,प्रत्येको कोठामा फिल्टर र तिन किसिमको डस्बिन र फोहर जलाउने खाडन र GNI Nepal को सहकार्यमा बिभिन्न उपकरण र डेलिभरी बेड औषधि राख्ने रयागहरुको व्यवस्थापन र वडा कार्यालयको सहयोगमा बिजुली बत्तिको जडान सहितको जिल्लाकै नमुनाको रुपमा उक्त उपस्वास्थ चौकी निर्माण गरेको छ यी बिभिन्न सुबिधाले गर्दा हात सर्म्पुण कर्मचारीहरु नियमित रपमा बस्ने गरेका र सुत्केरी गराउन आउने संख्या र बिरामी चेकजाँच गर्ने संख्या बढ्दै गईरहेको छ ।

**७.परिवर्तनको कारण** : बिभिन्न सरोकारवाला निकायहरुसँगको सहकार्य र स्वास्थ संस्था संचालक समिति र कर्मचारीहरुको क्षमता अभिबृद्धि पालिका तथा वडा कार्यालयसँगको सहकार्यले गर्दा समुदायका मानिसहरुलाई जनेचेतना सम्बन्धि बिभिन्न कार्यक्रम संचालन गरेर र UNICEF/CHY-Ya Nepal को आर्थिक सहयोगमा भएका पुराना तथा नयाँ संरचना बनाउन सहयोग गर्नुका साथै समुदायका मानिस स्वास्थ संस्थाका पदाधिकारी लाई यसको आवश्यता महशुस गराए र भएको सानो लगानीलाई सहि उपयोग गर्दा यसको परिबर्तनमा सहजता आएको हो

**८. सिकाई** : बिभिन्न निकायहरुसँगको सहकार्य र लगानीलाई सहि सदुपयोग गर्दा कम स्रोतमा पनि बिभिन्न कृयाकलाप गर्ना सकिदो रहेछ भन्ने भावनाको बिकास र मानिसको परिबर्तनको ठुलो पाटो भनेको नै उसको व्यवहार परिबर्तन गर्दा लगानीको पनि त्यती आवश्यता नहुने र सहजरुपमा बिभिन्न कृयाकलापहरु संचालन गर्ना सकिने अवस्थाको बारेमा जानकारी लिईएको छ ।





स्वास्थ संस्थाको खानेपानी सरसफाई तथा स्वच्छताको अवस्थाका संरचनाहरु









स्वास्थ संस्थाको खानेपानी सरसफाई तथा स्वच्छता र स्वास्थ संस्थाको शैचालयको पहिलाको अवस्था